पञ्चदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. : ०७७/०७८
च.नं. :

मिति : २०७७/०४/१८

विषय : **प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०७७/०४/१८)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं.२३, मिति २०७७/०४/१२ को पत्रानुसार यस पञ्चदेवल विनायक नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रका लागि आवश्यक 'प्राविधिक सहायक' पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले माग बमोजिमका विवरणसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

लक्ष्मीकान्त बजगाई
नि.प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं. | विज्ञापन नं | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०१ | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौं तह सरह | १ जना |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

क) सिभिल इन्जिनियरिङ्गमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको,

ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर : कम्तीमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थान** : पञ्चदेवल विनायक नगरपालिकाको कार्यालय

**३. दरखास्त दिने अन्तिम मिति** : २०७७ श्रावण ३२ गते (कार्यालय समयभित्र)

**४. आवेदनको दस्तुर** : रु ५००/-(अक्षरेपी पाँच सय मात्र)

**५. छनोटको किसिम** : क) प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन

ख) लिखित परीक्षा : १०० पूर्णाङ्क (सेवा सम्बन्धी ५०, कम्प्यूटर सम्बन्धी ५०)

**६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु** : आवेदक स्वयम्ले प्रमाणित गरेका देहाय बमोजिम कागजातहरु :-

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताका लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- अनुभव खुल्ने कागजात
- पासपोर्ट आकारको फोटो २ प्रति

**७. सेवा सुविधा** : 'गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया' को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण** : 'गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया' को दफा (९) बमोजिम हुनेछ ।

**नोट :** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।